## चिङ्गाड गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १० संख्या : ४ पुङखेत, सुर्खेत मिति :२०८३।०६।०७


## भाग-१

### चिङ्गाड गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### पुङखेत, सुर्खेत

### सूचना

चिङ्गाड गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## चिङ्गाड गाउँपालिका अनुगमन तथा मूल्याङ्कन ऐन, २०८३

सम्बत् २०८३ सालको ऐन नं. ४

गाउँ सभाबाट स्वीकृत मितिः २०८३।०६।०६

प्रमाणीकरण मितिः २०८३।०६।०७

प्रस्तावनाः चिङ्गाड गाउँपालिका अन्तर्गत सञ्चालन हुने विकास नीति, योजना, कार्यक्रम तथा आयोजनाहरूको कार्यान्वयनमा उत्तरदायित्व र जवाफदेहिता प्रवर्द्धन गरी लागत प्रभावकारिता अभिवृद्धि गर्नका लागि विकास नीति तथा योजनाको अनुगमन तथा मूल्याङ्कनलाई तथ्यपरक, विश्वसनीय, गुणस्तरीय, व्यवस्थित, नतिजामुखी, पारदर्शी र प्रभावकारी बनाउने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम चिङ्गाड गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "चिङ्गाड गाउँपालिका अनुगमन तथा मूल्याङ्कन ऐन, २०८३" रहेको छ।

(२) यो ऐन गाउँ सभाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अनुगमन" भन्नाले योजना कार्यान्वयनको क्रममा दफा ५ को उपदफा (१) बमोजिमका विषयमा निरन्तर र आवधिक रूपमा निगरानी, निरीक्षण, अवलोकन, सूचना सङ्कलन, विश्लेषण तथा सुधार गर्ने कार्य सम्झनु पर्छ।

(ख) "गाउँपालिका" भन्नाले चिङ्गाड गाउँपालिका सम्झनु पर्छ।

(ग) "कार्यपालिका" भन्नाले चिङ्गाड गाउँ कार्यपालिका सम्झनु पर्छ।

(घ) "सभा" भन्नाले चिङ्गाड गाउँपालिकाको गाउँ सभा सम्झनु पर्छ।

(ङ) "तेस्रो पक्ष" भन्नाले कुनै योजनाको तर्जुमा तथा कार्यान्वयनका चरणमा संलग्न नभएको स्वतन्त्र व्यक्ति सम्झनु पर्छ र सो शब्दले अनुगमन वा मूल्याङ्कन गर्ने संस्था, विज्ञ वा तिनका प्रतिनिधिलाई समेत जनाउँछ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम, कार्यविधि, निर्देशिका वा मापदण्डमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(छ) "मूल्याङ्कन" भन्नाले कार्यान्वयन चरणमा रहेका वा सम्पन्न भएका योजनाको सम्बन्धमा दफा ५ को उपदफा (२) बमोजिमका विषयमा उद्देश्यपूर्ण र व्यवस्थित तरिकाले गरिने मूल्याङ्कन सम्झनु पर्छ र सो शब्दले योजना सुरु गर्नु अघिको अवस्थामा सो दफाको उपदफा (३) बमोजिमका विषयमा गरिने पूर्व मूल्याङ्कनलाई समेत जनाउँछ।

(ज) "योजना" भन्नाले सङ्घीय सरकार, प्रदेश सरकार वा गाउँ सभाबाट स्वीकृत भई कार्यान्वयन हुने विकास नीति, आवधिक योजना, वार्षिक कार्यक्रम तथा पूर्वाधार एवं सामाजिक विकास आयोजना सम्झनु पर्छ।

(झ) "अध्यक्ष" भन्नाले चिङ्गाड गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ।

(ञ) "उपाध्यक्ष" भन्नाले चिङ्गाड गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ।

(ट) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले चिङ्गाड गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(ठ) "समिति" भन्नाले चिङ्गाड गाउँपालिकाको गाउँपालिकास्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिलाई सम्झनु पर्छ।

## परिच्छेद-२

## अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था

३. अनुगमन तथा मूल्याङ्कन गर्नुपर्नेः गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने सम्पूर्ण योजना, कार्यक्रम तथा आयोजनाहरूको नियमित र आवधिक रूपमा अनुगमन तथा मूल्याङ्कन गर्नु/गराउनु पर्नेछ।

४. अनुगमन तथा मूल्याङ्कनका आधारः (१) यस ऐन बमोजिम योजनाको अनुगमन तथा मूल्याङ्कन गर्दा देहायबमोजिमका विषयलाई आधार लिनु पर्नेछ।

(क) गाउँपालिकाको दीर्घकालीन सोच तथा विकास दृष्टिकोण,
(ख) गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा रणनीति,
(ग) योजनाको दस्तावेज, विस्तृत आयोजना प्रतिवेदन (DPR), सोच तालिका वा नतिजा खाका,
(घ) गाउँ सभाबाट स्वीकृत वार्षिक नीति, बजेट तथा कार्यक्रम,
(ङ) योजनाको प्राविधिक डिजाइन, लागत अनुमान तथा लाभ-लागत,
(च) प्राविधिक गुणस्तर तथा वातावरणीय एवं विपद् जोखिम पक्ष,
(छ) प्रक्षेपित उपलब्धि वा भौतिक तथा वित्तीय लक्ष्य,
(ज) स्थानीय आवश्यकता, सामञ्जस्यता, सान्दर्भिकता, प्रभावकारिता तथा कार्यदक्षता,
(झ) लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण
(ञ) राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता, दिगो विकास लक्ष्य र गाउँपालिकाले गरेका प्रतिबद्धता
(ट) गाउँ कार्यपालिका वा अनुगमन तथा सुपरीवेक्षण समितिले तोकेका अन्य आधारहरू।

(२) उपदफा (१) बमोजिम अनुगमन वा मूल्याङ्कन गर्दा योजना स्वीकृत हुँदा वा सम्झौता हुँदा निर्धारण गरिएको लगानी तथा प्रतिफल सम्बन्धी सूचकलाई समेत आधार मान्नु पर्नेछ।

(३) यस ऐन बमोजिम आवधिक योजना, क्षेत्रगत गुरुयोजना तथा वार्षिक योजनाको अनुगमन तथा मूल्याङ्कन गर्दा गरिबी न्यूनीकरण, स्थानीय रोजगारी सिर्जना तथा दिगोपनाको दृष्टिबाट उपयुक्त भए वा नभएको विषयलाई समेत आधार मान्नु पर्नेछ।

(४) यस ऐन बमोजिम सामाजिक विकास सम्बन्धी योजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्दा लक्षित समूह प्रत्यक्ष लाभान्वित भए वा नभएको विषयलाई समेत आधार मान्नु पर्नेछ।

५. अनुगमन तथा मूल्याङ्कन गरिने विषयः (१) यस ऐन बमोजिम गाउँपालिका अन्तर्गतका योजनाहरूको अनुगमन गर्दा देहायका विषयमा अनुगमन गर्नु वा गराउनु पर्नेछ।

(क) योजना कार्यान्वयन गर्दा विनियोजित बजेट, अनुदान तथा स्रोतसाधनको प्रवाह उचित ढङ्गले भए वा नभएको,

(ख) योजना तथा आयोजना कार्यान्वयन गर्न आवश्यक प्राविधिक तथा प्रशासनिक जनशक्ति वा श्रम परिचालन भए वा नभएको,

(ग) सार्वजनिक परीक्षण, सामाजिक परीक्षण वा सार्वजनिक सुनुवाइ भए वा नभएको,

(घ) योजनाको सम्झौता बमोजिम अपेक्षित नतिजा तथा उपलब्धि हासिल भए वा नभएको,

(ङ) योजनाको सम्झौता दस्तावेज, स्वीकृत वार्षिक कार्यक्रम वा कार्यतालिका बमोजिम स्रोतसाधनको प्राप्ति तथा प्रयोग भए वा नभएको,

(च) योजनाको कार्यान्वयन स्वीकृत डिजाइन, नक्सा, लागत अनुमान, स्पेसिफिकेशन र तोकिएको गुणस्तर मापदण्ड बमोजिम भए वा नभएको,

(छ) उपभोक्ता समिति वा निर्माण व्यवसायीको लक्ष्य बमोजिमको कार्यान्वयन क्षमता भए वा नभएको,

(ज) योजना कार्यान्वयनमा स्थानीयस्तरमा कुनै विवाद, समस्या वा बाधा व्यवधान देखिए वा नदेखिएको,

(झ) योजना कार्यान्वयनमा कुनै समस्या वा अवरोध देखिएको भए सोको समाधानका लागि वडा वा गाउँपालिका तहबाट आवश्यक उपायको अवलम्बन भए वा नभएको र त्यस्तो उपाय प्रभावकारी भए वा नभएको।

(२) यस ऐन बमोजिम योजनाको मूल्याङ्कन गर्दा देहायका विषयमा मूल्याङ्कन गर्नु वा गराउनु पर्नेछ।

(क) योजना तर्जुमा तथा छनोट गर्दा कार्यान्वयनका स्थानीय चुनौती, भौगोलिक अवस्था र जोखिमको उचित मूल्याङ्कन भए वा नभएको,

(ख) योजनाको सामञ्जस्यता, प्रभावकारिता, कार्यदक्षता, प्रभाव तथा दिगोपनाका दृष्टिले उपयुक्त ढङ्गले योजना कार्यान्वयन भए वा नभएको,

(ग) योजना कार्यान्वयनमा निर्धारित गुणस्तर, प्राविधिक मापदण्ड तथा गुणस्तरीय निर्माण सामग्री एवं स्रोतसाधनको प्रयोग भए वा नभएको,

(घ) सम्झौतामा निर्धारित समयसीमाभित्र योजना सम्पन्न भए वा नभएको,

(ङ) योजना कार्यान्वयनबाट अपेक्षित नतिजा समयमै र लागत प्रभावी रूपमा हासिल भए वा नभएको वा स्थानीय जनजीवनमा के-कस्तो नतिजा हासिल भएको,

(च) निर्धारित उद्देश्य र लक्ष्य बमोजिम नतिजा प्राप्त हुने गरी लगानी भए वा नभएको र सोबाट अपेक्षित लाभ वा प्रतिफल हासिल भए वा नभएको।

(३) योजनाको पूर्वमूल्याङ्कन गर्दा योजनाको सान्दर्भिकता, जनसहभागिता, औचित्य र लाभ-लागतका आधारमा गाउँपालिका वा वडाबाट योजना कार्यान्वयन गर्नु उपयुक्त भए वा नभएको विषयमा विश्लेषण गर्नु पर्नेछ।

६. प्राविधिक परीक्षण गर्नेः (१) दफा ५ बमोजिम अनुगमन वा मूल्याङ्कन गर्दा योजनाको कार्यान्वयनको गुणस्तरको सम्बन्धमा आवश्यकता अनुसार प्राविधिक परीक्षण समेत गर्नु वा गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राविधिक परीक्षणका लागि आवश्यक पर्ने दक्ष जनशक्ति गाउँ कार्यपालिकाको कार्यालयमा उपलब्ध नभएमा प्रदेश सरकार, जिल्ला समन्वय समिति वा अन्य सरकारी निकायमा रहेको त्यस्तो जनशक्ति माग गरी खटाउन सकिनेछ।

(३) उपदफा (२) बमोजिम प्राविधिक परीक्षण गर्ने जनशक्ति उपलब्ध नभएमा गाउँ कार्यपालिकाको कार्यालय वा अनुगमन समितिले प्रचलित कानून बमोजिम सम्बन्धित विषयविज्ञ वा परामर्शदाताको सेवा लिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम सेवा लिने प्रयोजनका लागि गाउँ कार्यपालिकाको कार्यालयले विषय विज्ञहरूको सूची (रोष्टर) तयार गरी अद्यावधिक राख्न सक्नेछ।

७. मूल्याङ्कनको चरणः गाउँपालिका अन्तर्गतका योजना, कार्यक्रम तथा आयोजना कार्यान्वयन गर्ने वडा, शाखा वा सम्बन्धित निकायले देहायबमोजिम मूल्याङ्कन गर्नु वा गराउनु पर्नेछ।

(क) कार्यक्रम तथा आयोजना सुरु गर्नु अघिकै अवस्थामा सोको औचित्य, स्थानीय आवश्यकता, सम्भावित असर र लाभ-लागतका आधारमा पूर्वमूल्याङ्कन,

(ख) कार्यक्रम तथा आयोजना कार्यान्वयनको अवस्थामा सोको प्रक्षेपित उपलब्धि, सान्दर्भिकता, सामञ्जस्यता, प्रभावकारिता, गुणस्तर, कार्यदक्षता र दिगोपनाको आधारमा चालू मूल्याङ्कन,

(ग) कार्यक्रम तथा आयोजना सम्पन्न हुने समयमा वा सम्पन्न भइसकेपछि सोको प्रक्षेपित लक्ष्य, प्राविधिक गुणस्तर, कार्यदक्षता र दिगोपनाको स्थिति समेत लेखाजोखा गरी अन्तिम भुक्तानी दिनुपूर्व गरिने सम्पन्न मूल्याङ्कन,

(घ) निर्धारित समयसीमाभित्र सम्पन्न हुन नसकेको, अलपत्र परेको वा न्यून प्रगति भएको योजनाको कारण पहिचान गरी समाधानका उपाय खोज्न गरिने योजना परीक्षण मूल्याङ्कन,

(ङ) कार्यक्रम तथा आयोजना सम्पन्न भई पूर्ण रूपमा सञ्चालनमा आएपछि सो कार्यक्रम वा आयोजनाले अर्थतन्त्र, सामाजिक विकास वा नागरिकको जनजीवनमा पर्न गएको सकारात्मक वा नकारात्मक प्रभाव हेर्नका लागि सान्दर्भिकता, प्रभावकारिता, दिगोपना तथा प्रभाव समेत हेर्ने गरी गरिने प्रभाव मूल्याङ्कन।

८. मूल्याङ्कनको आधारभूत मापदण्डको निर्धारणः (१) कार्यपालिकाले राष्ट्रिय तथा प्रादेशिक मापदण्डको अधीनमा रही गाउँपालिका क्षेत्रका योजनाहरूको मूल्याङ्कनका लागि आधारभूत मापदण्ड निर्धारण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यपालिकाबाट निर्धारण गरिएका मापदण्ड कार्यपालिकाको कार्यालय, वडा कार्यालय, विषयगत शाखा, उपभोक्ता समिति, निर्माण व्यवसायी, विकास साझेदार लगायत कार्यान्वयनमा संलग्न सबै पक्षले अनिवार्य रूपमा पालना गर्नु पर्नेछ।

(३) अनुगमन तथा मूल्याङ्कनका क्रममा देखिएका कैफियत तथा सुधारका विषयमा गाउँ कार्यपालिकाको कार्यालय वा अनुगमन तथा सुपरीवेक्षण समितिले सम्बन्धित वडा, शाखा, उपभोक्ता समिति वा पदाधिकारीलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

## परिच्छेद-३

## अनुगमन तथा सुपरीवेक्षण सम्बन्धी व्यवस्था

९. गाउँपालिकास्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिः (१) गाउँपालिकामा योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षणको लागि देहायबमोजिम एक गाउँपालिकास्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति रहनेछ।

(क) गाउँपालिका उपाध्यक्ष – संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत – सदस्य

(ग) गाउँ कार्यपालिकाको सदस्य एकजना – सदस्य

(घ) पूर्वाधार विकास शाखा प्रमुख वा प्रतिनिधि – सदस्य

(ङ) योजना अनुगमन शाखा प्रमुख वा प्रतिनिधि – सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको योजना तथा कार्यक्रमको कम्तीमा एक पटक अनुगमन तथा सुपरीवेक्षण गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिले अनुगमन तथा सुपरीवेक्षणको लागि आवश्यकता अनुसार सम्बन्धित पदाधिकारी, विषयगत शाखा प्रमुख, प्राविधिक वा सम्बन्धित विषयका विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

१०. गाउँपालिकास्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिको काम, कर्तव्य र अधिकारः (१) गाउँपालिकास्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

(क) गाउँपालिकाबाट सञ्चालित विकास योजना तथा कार्यक्रमहरूको लागत, परिमाण, समयसीमा र गुणस्तरीयताको आधारमा नियमित अनुगमन तथा सुपरीवेक्षण गर्ने।

(ख) योजना तथा कार्यक्रमहरूबाट अपेक्षित नतिजा हासिल गर्नका लागि आवश्यक सहजीकरण तथा पृष्ठपोषण प्रदान गर्ने।

(ग) अनुगमन तथा सुपरीवेक्षणको कार्यलाई व्यवस्थित गर्न वार्षिक अनुगमन तालिका तयार गरी सोही अनुरूप कार्य गर्ने।

(घ) वडास्तरीय अनुगमन समिति तथा उपभोक्ता समितिहरूले गरेका अनुगमन कार्यसँग समन्वय, निर्देशन र सहजीकरण गर्ने।

(ङ) योजना कार्यान्वयनको क्रममा देखिएका बाधा, व्यवधान, ढिलासुस्ती र समस्याहरूको पहिचान गरी समाधानका लागि पहल गर्ने।

(च) तोकिएको मापदण्ड, स्पेसिफिकेसन र कार्यतालिका बमोजिम काम भए नभएको यकिन गर्ने र त्रुटि पाइएमा सम्बन्धित पक्षलाई सचेत गराउने।

(छ) निर्माण कार्यको प्रकृति र आकारको आधारमा निर्माण पूर्व, निर्माणाधीन र निर्माण सम्पन्न पश्चातका विभिन्न चरणमा स्थलगत निरीक्षण गर्ने।

(ज) स्वरोजगार, उत्पादनमूलक, उद्यमशीलता प्रवर्द्धन तथा सीप विकाससम्बन्धी कार्यक्रमहरूको प्रगति र प्रभावतर्फ विशेष निगरानी राख्ने।

(झ) स्थलगत अनुगमन पश्चात संकलित तथ्य, विवरण र सूचनाको आधारमा विस्तृत अनुगमन प्रतिवेदन तयार गरी गाउँ कार्यपालिकाको कार्यालय समक्ष पेस गर्ने।

(ञ) योजनाको अन्तिम भुक्तानी वा बिल अनुमोदन गर्नुपूर्व अनुगमन प्रतिवेदन वा सिफारिस पेस गर्नुपर्ने कानुनी प्रक्रियाको पालना गराउने।

(२) उपदफा (१) बमोजिम समितिले अनुगमन तथा सुपरीवेक्षण गर्दा गाउँ गौरवका आयोजना, प्राथमिकता प्राप्त आयोजना, रणनीतिक महत्त्वका आयोजना तथा ससर्त वा समपूरक अनुदान अन्तर्गत सञ्चालित महत्त्वपूर्ण आयोजनाहरूको लागत, कार्यान्वयनको समयसीमा तथा आयोजनाको महत्त्वका आधारमा समितिले छनोट गरेका योजनाहरूको हकमा कम्तीमा प्रत्येक चौमासिकमा एक पटक स्थलगत अनुगमन तथा सुपरीवेक्षण गर्नु पर्नेछ।

(३) यस ऐन बमोजिम वडास्तरीय अनुगमन समिति, विषयगत शाखा र अनुगमनको जिम्मेवारी पाएका अन्य पदाधिकारीले प्रभावकारी रूपमा अनुगमन वा मूल्याङ्कन गरे वा नगरेको विषयमा समितिले आवश्यक निगरानी गर्नु पर्नेछ।

११. वडास्तरीय अनुगमन समितिः (१) सम्बन्धित वडामा कार्यान्वयन हुने पाँच लाखसम्म लागत अनुमान भएका योजना तथा कार्यक्रमको अनुगमन गर्नको लागि देहायबमोजिम एक वडास्तरीय अनुगमन समिति रहनेछ।

(क) वडा अध्यक्ष – संयोजक

(ख) एकजना महिला सदस्य सहित वडा समितिका सदस्य दुई जना – सदस्य

(ग) वडा प्राविधिक एकजना – सदस्य

(घ) वडा सचिव – सदस्य सचिव

(२) उपदफा (१) बमोजिम वडास्तरीय अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

(क) सम्बन्धित वडाभित्र सञ्चालन हुने पाँच लाख सम्मका विकास निर्माण आयोजनाहरूको नियमित स्थलगत अनुगमन तथा निरीक्षण गर्ने।

(ख) योजनाको काम स्वीकृत लागत अनुमान, नक्सा, डिजाइन र प्राविधिक मापदण्डअनुसार भए-नभएको गुणस्तर जाँच गर्ने।

(ग) निर्धारित कार्यतालिका र समयसीमाभित्र आयोजनाहरू सम्पन्न हुने वा नहुने अवस्थाको निगरानी गर्ने।

(घ) उपभोक्ता समिति वा निर्माण व्यवसायीसँग योजनासम्बन्धी सम्झौतापत्र, लागत अनुमान, नापी किताब र बिल-भरपाइ मगाएर अध्ययन गर्ने।

(ङ) योजना कार्यान्वयनका क्रममा देखिएका व्यावहारिक कठिनाइ, अवरोध तथा विवादहरूको समाधानका लागि समन्वय गर्ने।

(च) काम सन्तोषजनक नभएमा वा मापदण्ड विपरीत पाइएमा सम्बन्धित पक्षलाई सुधारका लागि सचेत गराउने तथा सुझाव दिने।

(छ) अनुगमनबाट प्राप्त तथ्य, निष्कर्ष र सुधारका बुँदाहरू समेटिएको प्रतिवेदन गाउँ कार्यपालिका वा वडा समितिमा पेस गर्ने।

(ज) योजनाको काम सन्तोषजनक र गुणस्तरीय पाइएमा मात्र भुक्तानी तथा फरफारकका लागि सिफारिस गर्ने।

(झ) वडास्तरमा निर्माण भएका भौतिक पूर्वाधार तथा सार्वजनिक सम्पत्तिहरूको संरक्षण र सदुपयोग भए-नभएको अनुगमन गर्ने।

(ञ) अनुगमन प्रक्रियामा स्थानीय बासिन्दा र लाभान्वित समूहको सहभागिता जुटाई पारदर्शिता कायम गर्न सहजीकरण गर्ने।

१२. अध्यक्षले अनुगमन तथा सुपरीवेक्षण गर्न सक्नेः (१) गाउँपालिका अध्यक्षले गाउँपालिकाको नीति, योजना तथा वार्षिक स्वीकृत कार्यक्रमको कार्यान्वयन, कार्यसम्पादन, विकास नतिजा र सेवा प्रवाहको सन्दर्भमा सम्बन्धित वडा, विषयगत शाखा, आयोजना वा पदाधिकारीलाई जवाफदेही बनाउने एवं गाउँपालिकाको दीर्घकालीन विकास लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने उद्देश्यले अनुगमन तथा सुपरीवेक्षण गर्न वा गराउन सक्नेछ।

(२) यस ऐन बमोजिम गाउँपालिकास्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति, वडास्तरीय समिति वा अनुगमनको जिम्मेवारी पाएका अन्य पदाधिकारीले प्रभावकारी रूपमा अनुगमन वा सुपरीवेक्षण गरे वा नगरेको विषयमा अध्यक्षले आवश्यक निगरानी गर्नु पर्नेछ।

१३. प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारीः (१) गाउँपालिकाभित्र अनुगमन तथा मूल्याङ्कन कार्यलाई व्यवस्थित एवं विश्वासिलो बनाउन आवश्यक पर्ने बजेट, सवारी साधन, उपकरण, प्रयोगशाला परीक्षण लगायतका स्रोतसाधन र जनशक्तिको व्यवस्था गर्ने प्रमुख दायित्व प्रमुख प्रशासकीय अधिकृतको हुनेछ।

(२) कार्यक्रम वा आयोजना कार्यान्वयन गर्ने सार्वजनिक निकाय, शाखा वा उपभोक्ता समितिले अनुगमन वा मूल्याङ्कनमा खटिएको टोली वा पदाधिकारीलाई योजनासँग सम्बन्धित सम्झौतापत्र, लागत अनुमान, नक्सा, नापी किताब, बिल-भरपाई, गुणस्तर परीक्षण प्रतिवेदन, तथ्याङ्क, सूचना तथा कागजातहरू स्थलगत रूपमै अनिवार्य रूपमा उपलब्ध गराउनु पर्नेछ।

(५) सार्वजनिक निकायका प्रमुखले कार्यालय तथा योजना व्यवस्थापनसँग सम्बन्धित महत्त्वपूर्ण विवरण, सम्झौता, नापी, तस्बिर तथा प्रतिवेदन सुरक्षित राख्नु पर्नेछ।

(६) योजना कार्यान्वयन गर्ने जिम्मेवारी पाएको सार्वजनिक निकाय वा वडा कार्यालयले आफ्नो संरचनाभित्र अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्यका लागि फोकल व्यक्ति वा जिम्मेवार कर्मचारी तोक्नु पर्नेछ।

(७) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिका क्षेत्रमा सञ्चालन हुने आयोजना तथा कार्यक्रमको जुनसुकै समयमा पनि अनुगमन तथा सुपरीवेक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछ।

१४. सम्बन्धित विषयगत शाखाले अनुगमन तथा मूल्याङ्कन गर्नेः (१) गाउँ कार्यपालिका अन्तर्गतका सम्बन्धित विषयगत शाखाले आफ्नो शाखा मातहत सञ्चालित योजना तथा कार्यक्रमहरूको नियमित अनुगमन तथा प्राविधिक मूल्याङ्कन गर्नु पर्नेछ।

(२) यस ऐन बमोजिम मातहतका आयोजना वा उपभोक्ता समितिले प्रभावकारी रूपमा कार्यसम्पादन र गुणस्तर कायम गरे वा नगरेको विषयमा सम्बन्धित शाखा प्रमुखले आवश्यक निगरानी तथा सुपरीवेक्षण गर्नु पर्नेछ।

१५. आयोजना प्रमुख वा प्राविधिकले अनुगमन तथा मूल्याङ्कन गर्नेः आयोजना प्रमुख, कार्यस्थलमा खटिएका प्राविधिक वा सब-इन्जिनियरले नियमित रूपमा आयोजनाको स्थलगत प्राविधिक जाँच तथा मूल्याङ्कन गरी प्राप्त तथ्यका आधारमा आयोजना सम्बन्धी निर्णयलाई तथ्यपरक बनाउने, गुणस्तर परीक्षण गर्ने, समस्या पहिचान गरी समाधान गर्ने र सोको प्रतिवेदन सम्बन्धित शाखा प्रमुख, प्रमुख प्रशासकीय अधिकृत र अनुगमन तथा सुपरीवेक्षण समितिमा पेस गर्नु पर्नेछ।

१६. प्रदेश तथा सङ्घीय तहका योजनाको स्थानीय अनुगमन र समन्वयः (१) गाउँपालिका क्षेत्रभित्र सङ्घीय वा प्रदेश सरकारबाट सोझै वा अनुदान मार्फत कार्यान्वयन हुने योजना तथा आयोजनाहरूको स्थानीयस्तरमा नियमित अनुगमन, सहजीकरण तथा समन्वय गाउँपालिकाले गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन तथा सहजीकरण गर्ने प्रयोजनका लागि गाउँ कार्यपालिकाको कार्यालयले जिम्मेवार शाखा वा प्राविधिक पदाधिकारी तोक्नेछ।

(३) यस दफा बमोजिम अनुगमन गर्दा गाउँपालिकाले परिच्छेद-२ मा उल्लिखित आधारहरू बमोजिम गर्नु पर्नेछ।

(४) गाउँपालिका क्षेत्रभित्र सञ्चालित सङ्घ तथा प्रदेशका आयोजनामा देखिएका ढिलासुस्ती, अनियमितता वा गुणस्तर सम्बन्धी समस्याका विषयमा गाउँ कार्यपालिकाको कार्यालयले सम्बन्धित आयोजना, प्रदेश मन्त्रालय वा सङ्घीय निकायमा आवश्यक कारबाहीका लागि लेखी पठाउनु पर्नेछ।

(५) यस दफा बमोजिम गरिएको अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन राष्ट्रिय योजना आयोग वा प्रदेश योजना आयोगले माग गरेका बखत गाउँपालिकाले उपलब्ध गराउनु पर्नेछ।

(६) सङ्घ र प्रदेश सरकारबाट हुने अनुगमनसँगको समन्वय सम्बन्धी अन्य व्यवस्था यस ऐन तथा प्रचलित सङ्घीय र प्रदेश कानूनको अधीनमा रही हुनेछ।

१७. बस्ती तथा समुदायस्तरमा अनुगमनः (१) योजना तथा कार्यक्रम कार्यान्वयन हुने सम्बन्धित टोल विकास संस्था, लाभग्राही समुदाय वा उपभोक्ता समूहले स्थानीयस्तरमा योजनाको नियमित अनुगमन तथा निगरानी गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम स्थानीयस्तरमा योजनाको प्रभावकारी अनुगमन गर्ने प्रयोजनका लागि सम्बन्धित वडा समितिले स्थानीय लाभग्राहीहरूको प्रतिनिधित्व हुने गरी अनुगमन उपसमिति तोक्न वा गठन गर्न सक्नेछ।

(३) यस दफा बमोजिम बस्ती वा समुदायस्तरमा अनुगमन तथा मूल्याङ्कन गर्दा परिच्छेद-२ मा उल्लेख गरिएका आधारहरूलाई ध्यानमा राखी गर्नु पर्नेछ।

(४) वडास्तर वा समुदायस्तरमा अनुगमनको जिम्मेवारी पाएको समिति वा पदाधिकारीले प्रभावकारी रूपमा अनुगमन तथा मूल्याङ्कन गरे वा नगरेको विषयमा सम्बन्धित वडा कार्यालय वा गाउँ कार्यपालिकाले आवश्यक निगरानी गर्नु पर्नेछ।

(५) यस दफा बमोजिम गरिएको अनुगमन तथा मूल्याङ्कनको विवरण वा प्रतिवेदन वडा कार्यालय वा गाउँपालिकास्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिले माग गरेका बखत उपलब्ध गराउनु पर्नेछ।

(६) जिल्ला समन्वय समितिले गाउँपालिकाभित्र सञ्चालन हुने विकास निर्माणका योजनाहरूको सम्बन्धमा प्रचलित कानून बमोजिम आवश्यक समन्वय, रेखदेख र सहजीकरण गर्दा गाउँपालिकाले आवश्यक सहकार्य गर्नुपर्नेछ।

(७) जिल्ला समन्वय समितिले जिल्लाभित्र विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न तथा समन्वयका लागि गाउँपालिकाबाट कार्यान्वयन हुने आयोजनाहरूको अनुगमन गर्न सक्नेछ।

(८) उपदफा (६) वा (७) बमोजिम जिल्ला समन्वय समितिले समन्वय, रेखदेख, सहजीकरण वा अनुगमन गर्दा गाउँपालिकालाई आवश्यक राय-सुझाव दिन सक्नेछ।

(९) उपदफा (८) बमोजिम प्राप्त सकारात्मक र उपयुक्त सुझावहरूलाई गाउँपालिकाले आगामी योजना तर्जुमा तथा कार्यान्वयन गर्दा मार्गदर्शनको रूपमा ग्रहण गर्न सक्नेछ।

१८. तेस्रो पक्षबाट अनुगमन वा मूल्याङ्कन गर्न सकिनेः (१) यस ऐन बमोजिम अनुगमन वा मूल्याङ्कन गर्ने जिम्मेवारी पाएको कार्यपालिका वा अनुगमन समितिले गाउँपालिकाभित्रका रणनीतिक, उच्च प्राविधिक वा तोकिएका आयोजनाहरूको पहिचान गरी स्वतन्त्र तेस्रो पक्ष (विज्ञ, परामर्शदाता वा संस्था) मार्फत अनुगमन वा मूल्याङ्कन गराउन सक्नेछ।

(२) यस ऐन बमोजिम कुनै कार्यक्रम तथा आयोजनाको सम्बन्धमा तेस्रो पक्षबाट अनुगमन वा मूल्याङ्कन गराउनु पर्ने भएमा त्यस्तो कार्यक्रम तथा आयोजनामा कुनै किसिमको प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा स्वार्थ वा हित नजोडिएको स्वतन्त्र व्यक्ति वा संस्था मार्फत गराउनु पर्नेछ।

१९. दोहोरो नपर्ने गरी अनुगमन वा मूल्याङ्कन गर्नु पर्नेः (१) यस ऐन बमोजिम गाउँपालिकास्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति, वडास्तरीय अनुगमन समिति वा विषयगत शाखाहरूबाट अनुगमन वा मूल्याङ्कन गर्दा स्रोत र समयको बचत हुने गरी एउटै विषय वा चरणमा दोहोरो नपर्ने गरी एकीकृत वा समन्वयात्मक ढङ्गले गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि वडास्तरीय अनुगमन समिति वा विषयगत शाखाले गरेको अनुगमन वा मूल्याङ्कन प्रभावकारी नभएको, गुणस्तरमा गम्भीर प्रश्न उठेको वा अपूर्ण भएको भन्ने वस्तुनिष्ठ आधार भएको अवस्थामा गाउँपालिकास्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति वा कार्यपालिकाले पुनः अनुगमन वा मूल्याङ्कन गर्न वा गराउन सक्नेछ।

(३) यस ऐन बमोजिम योजनाको अनुगमन तथा मूल्याङ्कन गर्ने समिति वा निकायले प्रदेश वा जिल्लास्तरका प्राविधिक निकाय तथा सरोकारवाला निकायहरूसँग समेत सहकार्य गरी संयुक्त अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछ।

२०. प्रतिवेदन पेस गर्नेः (१) योजना कार्यान्वयन गर्ने उपभोक्ता समिति, निर्माण व्यवसायी, वडा कार्यालय वा विषयगत शाखाले योजनाको सम्झौता अवधि, लक्ष्य, भौतिक तथा वित्तीय प्रगति, प्रमुख सूचकको अवस्था र कार्यान्वयनमा देखिएका समस्या तथा समाधानका उपाय समेत समावेश गरी चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन गाउँ कार्यपालिका वा अनुगमन तथा सुपरीवेक्षण समिति समक्ष पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त प्रतिवेदन सम्बन्धमा सम्बन्धित विषयगत शाखा, वडा कार्यालय तथा गाउँ कार्यपालिकाले कम्तीमा चौमासिक र वार्षिक रूपमा प्रगति समीक्षा गर्नु पर्नेछ।

(३) योजना कार्यान्वयन गर्ने उपभोक्ता समिति वा निकायले योजना कार्यान्वयनको चरणमा अनुगमन समितिले दिएका सुझावहरूको कार्यान्वयन स्थिति सहितको कार्यसम्पन्न प्रतिवेदन योजना सम्पन्न भएको एक महिनाभित्र गाउँ कार्यपालिकाको कार्यालयमा पेस गर्नु पर्नेछ।

(४) प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिका अन्तर्गतका सम्पूर्ण योजना तथा कार्यक्रमहरूको एकीकृत चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गरी गाउँ कार्यपालिका र गाउँसभा समक्ष पेस गर्नु पर्नेछ र आवश्यकता अनुसार प्रदेश सरकार तथा राष्ट्रिय योजना आयोगमा पठाउनु पर्नेछ।

(५) यस ऐन बमोजिमको अनुगमन वा मूल्याङ्कन प्रतिवेदन कार्यपालिकाले निर्धारण गरेको ढाँचामा आवश्यक विषय समावेश गरी यथाशीघ्र तयार गर्नु वा गराउनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम तयार गरिएको अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन देहाय बमोजिमको प्रक्रिया मार्फत सार्वजनिक गर्नु पर्नेछ।

(क) गाउँपालिकाको वेबसाइट तथा सूचना पाटीमा राख्ने,

(ख) सार्वजनिक सुनुवाइ, समीक्षा बैठक वा सम्बन्धित लाभग्राही तथा सरोकारवालाहरूसँग छलफल एवं अन्तरक्रिया गर्ने।

२१. सुझाव दिन, सिफारिस गर्न वा निर्देशन दिन सक्नेः (१) यस ऐन बमोजिम योजनाको अनुगमन तथा मूल्याङ्कन गर्दा कुनै विषयमा सुधार गर्नुपर्ने, प्राविधिक त्रुटि सच्याउनुपर्ने वा ढिलासुस्ती हटाउनुपर्ने देखिएमा अनुगमन समिति वा पदाधिकारीले सम्बन्धित कार्यान्वयन निकाय वा उपभोक्ता समितिलाई आवश्यक सुझाव दिन सक्नेछ।

(२) यस ऐन बमोजिम कुनै आयोजनाको अनुगमन तथा मूल्याङ्कन गर्दा स्वीकृत डिजाइन, लागत अनुमान वा उद्देश्य बमोजिम काम नभएको वा निर्धारित गुणस्तर कायम नभई आयोजनालाई गम्भीर हानि-नोक्सानी पुग्ने देखिएमा तत्काल आयोजना सम्बन्धी काम रोक्न, भुक्तानी रोक्का गर्न, जिम्मेवार पदाधिकारीलाई त्यस्तो जिम्मेवारीबाट हटाउन, भुक्तानी रोक्का गर्न, सम्झौता रद्द गर्न वा अन्य उपयुक्त उपाय अवलम्बन गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिमको कार्य अनुगमन तथा मूल्याङ्कन गर्ने जिम्मेवार समिति वा पदाधिकारी आफैंले गर्न मिल्नेमा आफैंले र गाउँ कार्यपालिका वा प्रमुख प्रशासकीय अधिकृतले गर्नुपर्ने भएमा स्पष्ट आधार र कारण सहित सम्बन्धित पदाधिकारी समक्ष सिफारिस गर्नु पर्नेछ।

(४) यस ऐन बमोजिम अनुगमन तथा मूल्याङ्कन गर्ने जिम्मेवारी पाएको वडा समिति वा विषयगत शाखाले नियमित र प्रभावकारी रूपमा अनुगमन तथा मूल्याङ्कन नगरेमा गाउँ कार्यपालिका वा अनुगमन तथा सुपरीवेक्षण समितिले त्यस्तो निकाय वा पदाधिकारीलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(५) उपदफा (१), (३) वा (४) बमोजिमको सुझाव, सिफारिस वा निर्देशन पालना गर्नु सम्बन्धित वडा, शाखा, उपभोक्ता समिति, निर्माण व्यवसायी वा पदाधिकारीको कर्तव्य हुनेछ।

२२. सहयोग उपलब्ध गराउन सक्नेः अनुगमन वा मूल्याङ्कनको विषयमा कुनै वडा कार्यालय वा उपभोक्ता समितिले प्राविधिक वा प्रक्रियागत सहयोगको माग गरेमा गाउँ कार्यपालिकाले आवश्यक प्राविधिक जनशक्ति, उपकरण वा अन्य स्रोतसाधन उपलब्ध गराउनेछ। साथै, जटिल प्रकृतिका आयोजनाको

हकमा गाउँपालिकाले प्रदेश सरकार वा जिल्ला समन्वय समितिसँग विशेषज्ञ सहयोग माग गर्न सक्नेछ।

## परिच्छेद-४

## स्थानीय विकास समस्या समिति सम्बन्धी व्यवस्था

२३. स्थानीय विकास समस्या समाधान समितिः (१) गाउँपालिकाको विकास नीति, योजना तथा बजेट कार्यान्वयनको प्रगति समीक्षा गर्न, योजना कार्यान्वयनमा देखिएका समस्या समाधान गर्न तथा नीतिगत सहजीकरण गर्न देहाय बमोजिमको स्थानीय विकास समस्या समाधान समिति रहनेछ।

(क) गाउँपालिका अध्यक्ष – अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(ग) सबै वडाका वडाध्यक्षहरू – सदस्य

(घ) कार्यपालिका सदस्यहरू मध्येबाट अध्यक्षले मनोनीत गरेका कम्तीमा दुई जना (महिला तथा दलित/अल्पसंख्यक प्रतिनिधि) – सदस्य

(ङ) गाउँपालिकाको आर्थिक प्रशासन शाखा प्रमुख – सदस्य

(च) योजना, अनुगमन तथा मूल्याङ्कन शाखा प्रमुख - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठक प्रत्येक चौमासिक अवधिमा कम्तीमा एक पटक बस्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित वडा सदस्य, विषयगत शाखा प्रमुख, प्राविधिक वा सम्बन्धित विषयका विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(४) उपदफा (१) बमोजिमको समितिको बैठक तथा निर्णय सम्बन्धी कार्यविधि सोही समितिले निर्धारण गरे बमोजिम हुनेछ।

२४. स्थानीय विकास समस्या समाधान समितिको काम, कर्तव्य र अधिकारः (१) स्थानीय विकास समस्या समाधान समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) गाउँपालिका तथा वडा कार्यालयहरू अन्तर्गत सञ्चालित विकास योजना तथा कार्यक्रमहरूको कार्यान्वयन प्रगतिको समग्र समीक्षा गर्ने,

(ख) अनुगमन तथा सुपरीवेक्षण समिति, वडा समिति वा विषयगत शाखाबाट पेस भएका समस्याहरूको सम्बन्धमा छलफल गरी नीतिगत तथा कार्यगत निकास दिने वा निर्देशन दिने,

(ग) योजना कार्यान्वयनमा देखिएका जटिल प्राविधिक, सामाजिक वा व्यवस्थापकीय समस्याहरूको अध्ययन, स्थलगत परीक्षण तथा मूल्याङ्कन गर्ने वा गराउने,

(घ) योजना कार्यान्वयनका क्रममा देखापरेका अन्तरशाखा तथा नीतिगत समस्याहरूको समाधान गर्ने,

(ङ) निर्दिष्ट लक्ष्य अनुसार कार्य सम्पन्न नभएका, अलपत्र परेका वा प्रतिफल हासिल हुन नसकेका योजनाहरू र त्यस्तो योजना कार्यान्वयन गर्ने उपभोक्ता समिति, निर्माण व्यवसायी वा प्राविधिकको कार्यसम्पादनको बारेमा छानबिन गराउने,

(च) सङ्घ तथा प्रदेश सरकारको वित्तीय हस्तान्तरण वा अनुदान अन्तर्गत गाउँपालिकामा सञ्चालनमा रहेका योजनाहरूको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित वडा, आयोजना, उपभोक्ता समिति वा निर्माण व्यवसायीलाई आवश्यक निर्देशन दिने, र

(छ) गाउँ सभा वा गाउँ कार्यपालिकाले गाउँ विकास समस्या समाधान समितिले गर्ने भनी तोकेका अन्य कार्यहरू गर्ने।

(२) वडास्तरीय वा विषयगत शाखास्तरीय समस्या समाधान संयन्त्र तथा अनुगमन समितिबाट प्राप्त चौमासिक तथा वार्षिक प्रतिवेदनका आधारमा योजना तथा अनुगमन शाखाले एकीकृत प्रतिवेदन तयार गरी समितिमा पेस गर्नु पर्नेछ।

## परिच्छेद-५

## विविध

२५. सेवाप्रदायक र सेवाग्राहीलाई सहभागी गराउन सकिनेः योजनाको कार्यान्वयन प्रक्रियालाई पारदर्शी तथा जनउत्तरदायी बनाउन त्यस्तो योजनाको अनुगमन वा मूल्याङ्कन गर्दा सेवाप्रदायक (कर्मचारी, प्राविधिक, उपभोक्ता समिति, निर्माण व्यवसायी) र सेवाग्राही (स्थानीय लाभग्राही नागरिक तथा समुदाय) लाई तोकिए बमोजिम अनिवार्य रूपमा सहभागी गराउन सकिनेछ।

२६. सार्वजनिक परीक्षण, सामाजिक परीक्षण वा सार्वजनिक सुनुवाइ गराउनेः गाउँपालिका तथा वडाहरूबाट सञ्चालन हुने विकास निर्माण तथा सेवा प्रवाहमा सामाजिक जवाफदेहिता र सुशासन प्रवर्द्धन गर्न सम्बन्धित कार्यान्वयन निकाय वा उपभोक्ता समितिले तोकिए बमोजिम सार्वजनिक परीक्षण (पब्लिक अडिट), सामाजिक परीक्षण (सोसल अडिट) र सार्वजनिक सुनुवाइ (पब्लिक हेयरिङ) अनिवार्य रूपमा गर्नु वा गराउनु पर्नेछ।

२७. भौतिक तथा वित्तीय प्रगति विवरण दिनु पर्नेः गाउँपालिकाको आन्तरिक स्रोत, राजस्व बाँडफाँट तथा सङ्घ र प्रदेश सरकारबाट प्राप्त ससर्त, समपूरक र विशेष अनुदानबाट सञ्चालित योजनाहरूको भौतिक तथा वित्तीय प्रगति र निर्दिष्ट सूचक मार्फत उपलब्धिको विवरण सम्बन्धित वडा तथा शाखाले योजना तथा अनुगमन शाखालाई दिनु पर्नेछ र गाउँपालिकाले सोको एकीकृत विवरण तोकिए बमोजिम प्रदेश सरकार र राष्ट्रिय योजना आयोगलाई उपलब्ध गराउनु पर्नेछ।

२८. पालना गर्नु पर्नेः (१) यस ऐन बमोजिम अनुगमन वा मूल्याङ्कन गर्ने अनुगमनकर्ता, मूल्याङ्कनकर्ता वा अनुगमन समितिका पदाधिकारीले देहायका व्यवस्था एवं आचारसंहिता अनिवार्य रूपमा पालना गर्नु पर्नेछ।

(क) कुनै आयोजनाको अनुगमन वा मूल्याङ्कन गर्दा त्यस्तो आयोजना वा उपभोक्ता समिति/निर्माण व्यवसायीको स्रोतसाधनको व्यक्तिगत प्रयोग गर्न वा कुनै प्रकारको अनुचित आर्थिक लाभ वा सुविधा लिन नहुने,

(ख) योजनाको कार्यान्वयन प्रक्रिया, निर्माण वा खरिद कार्यमा आफू प्रत्यक्ष संलग्न रहेको वा आफ्नो एकाघरको परिवारको सदस्य उपभोक्ता समिति वा निर्माण पक्षमा संलग्न भएको आयोजनाको अनुगमन वा मूल्याङ्कनमा संलग्न हुन नहुने,

(ग) कुनै अनधिकृत व्यक्तिलाई अनुगमन वा मूल्याङ्कनको जिम्मेवारी सुम्पन नहुने,

(घ) कार्यस्थलमा अनुगमन वा मूल्याङ्कन गर्दा सौहार्दपूर्ण, मर्यादित र शिष्ट व्यवहार प्रदर्शन गर्नु पर्ने,

(ङ) कुनै पूर्वाग्रह, दबाब वा प्रभावमा नपरी निष्पक्ष, वस्तुनिष्ठ र यथार्थपरक ढङ्गले अनुगमन तथा मूल्याङ्कन गर्नु पर्ने।

(२) उपदफा (१) को खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिकाको नियमित जिम्मेवारी पाएको आयोजना प्राविधिक, सब-इन्जिनियर वा वडा सचिवको हैसियतमा त्यस्तो आयोजनाको प्राविधिक जाँच वा नियमित सुपरीवेक्षण गर्दा सो व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन।

(३) उपदफा (१) मा उल्लिखित विषयका अतिरिक्त गाउँ कार्यपालिकाले अनुगमन तथा मूल्याङ्कनको कार्यमा खटिने अनुगमनकर्ता वा मूल्याङ्कनकर्ताले पालना गर्नु पर्ने विस्तृत आचारसंहिता बनाई लागू गर्न सक्नेछ।

२९. पुरस्कार तथा सम्मान दिन सक्नेः यस ऐन बमोजिम अनुगमन वा मूल्याङ्कन गर्दा निर्धारित समयमै गुणस्तरीय, मितव्ययी र नमुना रूपमा कार्य सम्पन्न गरी कार्यप्रगति उत्कृष्ट ठहरिएको योजनाका उपभोक्ता समिति, निर्माण व्यवसायी, आयोजना प्रमुख वा सम्बन्धित कर्मचारीलाई गाउँपालिकाले गाउँसभा वा सार्वजनिक कार्यक्रम मार्फत पुरस्कृत तथा सम्मान गर्न सक्नेछ।

३०. कार्यसम्पादन मूल्याङ्कन गर्दा आधार लिनु पर्नेः योजना तथा कार्यक्रम कार्यान्वयन एवं अनुगमनमा संलग्न कर्मचारी वा प्राविधिकको कार्यसम्पादन मूल्याङ्कन गर्दा निजको जिम्मेवारीमा रहेका योजनाहरूको भौतिक तथा वित्तीय प्रगति, गुणस्तर र दिगोपनालाई समेत प्रमुख आधारको रूपमा लिनु पर्नेछ।

३१. कारबाही हुनेः (१) यस ऐन बमोजिम अनुगमन तथा मूल्याङ्कन गर्ने जिम्मेवारी पाएको पदाधिकारी वा कर्मचारीलाई देहायको कुनै अवस्थामा पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेको आधारमा प्रचलित सेवा शर्त सम्बन्धी कानून बमोजिम विभागीय सजाय वा कारबाही गरिनेछः-

(क) निर्धारित समयमा अनुगमन तथा मूल्याङ्कन नगरेमा वा सोको प्रतिवेदन समयमै पेस नगरेमा,

(ख) अनुगमन तथा मूल्याङ्कन गर्दा कार्यस्थलमै गई बुझ्नुपर्ने प्राविधिक तथा यथार्थ कुरा नबुझी प्रतिवेदन तयार गरेमा,

(ग) आचारसंहिता तथा व्यवस्था पालना नगरेमा, वा

(घ) गाउँ कार्यपालिका वा अनुगमन तथा सुपरीवेक्षण समितिले दिएको निर्देशन पालना नगरेमा।

(२) यस ऐन बमोजिम अनुगमन तथा मूल्याङ्कन गर्ने जिम्मेवारी पाएको पदाधिकारी, प्राविधिक वा कर्मचारीलाई देहायको कुनै अवस्थामा अयोग्यताको कारणले आफ्नो पदको काम वा जिम्मेवारी पूरा नगरेको आधारमा प्रचलित सेवा शर्त सम्बन्धी कानून बमोजिम विभागीय सजाय गरिनेछः-

(क) अनुगमन तथा मूल्याङ्कन गर्दा गम्भीर लापरवाही वा हेलचेत्र्याइँ गरेमा,

(ख) बदनियतपूर्वक अनुगमन तथा मूल्याङ्कन गरेमा, वा

(ग) आयोजना कार्यान्वयन वा गुणस्तरमा प्रतिकूल असर पर्ने गरी गलत प्रतिवेदन दिएमा।

(३) योजना कार्यान्वयनसँग सम्बन्धित पदाधिकारी, प्राविधिक वा कर्मचारीलाई देहायको कुनै अवस्थामा पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेको आधारमा सेवा शर्त सम्बन्धी प्रचलित कानून बमोजिम विभागीय सजाय गरिनेछः-

(क) अनुगमन तथा मूल्याङ्कन गर्ने समिति वा पदाधिकारीले माग गरेको विवरण, नापी किताब, बिल-भरपाई वा कागजात समयमा उपलब्ध नगराएमा वा गलत तथ्याङ्क वा सूचना उपलब्ध गराएमा, वा

(ख) अनुगमन तथा मूल्याङ्कन गर्ने समिति वा पदाधिकारीले दिएको लिखित सुझाव वा निर्देशन पालना नगरेमा।

(४) अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय वा पदाधिकारीले दिएको सुझाव वा निर्देशन पालना नगरेको कारणले गाउँपालिका वा आयोजनालाई कुनै हानि-नोक्सानी भएमा त्यस्तो योजना कार्यान्वयनसँग सम्बन्धित पदाधिकारी वा कर्मचारीलाई अयोग्यताकोकारणले आफ्नो पदको काम वा जिम्मेवारी पूरा नगरेको आधारमा प्रचलित सेवा शर्त सम्बन्धी कानून बमोजिम विभागीय सजाय गरिनेछ।

(५) उपदफा (१), (२), (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित सेवा कानून बमोजिम विभागीय सजाय आकर्षित नहुने पदाधिकारी (जस्तैः उपभोक्ता समितिका पदाधिकारी वा मनोनीत सदस्य) ले त्यस्तो कार्य गरेमा त्यस्तो पदाधिकारीलाई मनोनयन वा नियुक्त गर्ने अधिकारी वा कार्यपालिकाले जिम्मेवारीबाट मुक्त गर्न सक्नेछ।

तर त्यसरी जिम्मेवारीबाट मुक्त गर्नुअघि निजलाई आफ्नो सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम जिम्मेवारीबाट मुक्त गरिएको पदाधिकारीलाई भविष्यमा गाउँपालिका अन्तर्गत कुनै पनि उपभोक्ता समिति वा जिम्मेवारी नदिने गरी गाउँ कार्यपालिकाको कार्यालयले अभिलेख राख्नेछ।

(७) उपदफा (१), (२), (३), (४) वा (५) बमोजिमको कारबाही अनुगमन तथा मूल्याङ्कन गर्ने समिति वा अधिकारी आफैंले गर्न मिल्ने भए आफैंले गर्ने र अन्य निकाय वा अधिकारीले गर्नुपर्ने भएमा प्रमाण सहित सम्बन्धित निकाय वा अधिकारी समक्ष लेखी पठाउनु पर्नेछ।

(८) दफा ६ को उपदफा (३) बमोजिम सेवा लिइएको विज्ञ वा दफा १७ बमोजिम तेस्रो पक्षको रूपमा अनुगमन तथा मूल्याङ्कनका लागि खटाइएको व्यक्ति वा संस्थाले उपदफा (१) वा (२) बमोजिमको कार्य गरेमा त्यस्तो व्यक्ति वा संस्थालाई अनुगमन वा मूल्याङ्कन गरे बापत भुक्तानी गरिएको रकम असुलउपर गरिनेछ र त्यस्तो व्यक्ति वा संस्थालाई गाउँ कार्यपालिकाले पाँच वर्षका लागि गाउँपालिका अन्तर्गत कुनै पनि प्राविधिक वा परामर्श कार्य गर्न नपाउने गरी कालो सूचीमा राख्नेछ।

(९) यस ऐन बमोजिम अनुगमन तथा मूल्याङ्कन गर्दा देहायको कुनै अवस्था देखिएमा योजना कार्यान्वयनसँग सम्बन्धित उपभोक्ता समिति, निर्माण व्यवसायी, व्यक्ति वा संस्थालाई प्रचलित कानून बमोजिम कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछः-

(क) योजनाको सम्झौता बमोजिमको उद्देश्य वा लक्ष्य हासिल गर्ने गरी कार्यसम्पादन नगरेको, वा

(ख) प्रचलित कानून वा सम्झौता बमोजिमको दायित्व निर्वाह नगरेको।

(१०) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि योजना कार्यान्वयनसँग सम्बन्धित पदाधिकारी, कर्मचारी, उपभोक्ता समिति, निर्माण व्यवसायी वा अनुगमन तथा मूल्याङ्कन गर्ने पदाधिकारी, कर्मचारी वा संस्थाले बदनियतपूर्वक गाउँपालिका वा सार्वजनिक निकायलाई हानिनोक्सानी पुऱ्याउने कार्य गरेमा त्यस्तो कर्मचारी, पदाधिकारी, उपभोक्ता समिति, निर्माण व्यवसायी, व्यक्ति वा संस्थालाई भ्रष्टाचार निवारण सम्बन्धी प्रचलित कानून बमोजिम कारबाही गर्न सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।

(११) उपदफा (७), (९) वा (१०) बमोजिम लेखी आएमा सम्बन्धित निकाय वा अधिकारीले प्रचलित कानून बमोजिम आवश्यक कानूनी कारबाही अगाडि बढाउनु पर्नेछ।

(१२) यस ऐन बमोजिम कारबाही गर्दा कुनै निकाय वा समितिको खास पदाधिकारी वा कर्मचारीलाई कारबाही गर्नु पर्ने गरी पहिचान भएकोमा त्यस्तो व्यक्तिलाई र स्पष्ट पहिचान हुन नसकेको अवस्थामा त्यस्तो कार्यालय वा समितिको प्रमुखलाई जिम्मेवार मानी कारबाही गर्नु पर्नेछ।

३२. नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउने अधिकारः यो ऐन कार्यान्वयन गर्नका लागि कार्यपालिकाले आवश्यक नियम, कार्यविधि तथा मापदण्डहरू बनाउन सक्नेछ।

३३. प्रचलित कानून बमोजिम हुनेः यस ऐनमा लेखिएका कुरामा यसै ऐन बमोजिम र यस ऐनमा उल्लेख नभएका विषयहरूको हकमा प्रचलित सङ्घीय र प्रदेश कानून बमोजिम हुनेछ।

आज्ञाले
सुरेन्द्र सिंह
प्रमुख प्रशासकीय अधिकृत